# मैले कहिले परीक्षण गराउनुपर्छ ? निकट सम्पर्कमा आएका व्यक्ति

## ट्रान्स्क्रिप्ट

[[उत्साहजनक सङ्गीत]

[वर्णन]

तपाईंले कहिले कोभिड-19 को परीक्षण गराउनु ?

तपाईं शुक्रबार राति खाना खान र खेल खेल्न साथीको घरमा जानुहुन्छ । तपाईं एक जना साथीको छेउमा बस्नुहुन्छ जसलाई कोभिड-19 सङ्क्रमण भएको छ तर उसलाई अझै थाहा छैन । तपाईंले आइतबार दिउँसो तपाईंको साथीको कोभिड-19 को परीक्षणको नतिजा भर्खरै पोजिटिभ आएको थाहा पाउनुहुन्छ ।

कोभिड-19 सङ्क्रमित कुनै व्यक्तिसँग नजिकको सम्पर्कमा आएको पाँच दिनपछि परीक्षण गराउनुहोस् । यस अवस्थामा, शुक्रबार तपाईं सङ्क्रमित व्यक्तिको निकट सम्पर्कमा आउनुभएको थियो, त्यसैले तपाईंले बुधबार परीक्षण गराउनुपर्छ ।

यदि तपाईं कोभिड-19 सङ्क्रमित कसैसँग निकट सम्पर्कमा आउनुहुन्छ भने, तपाईं क्वारेन्टाइनमा बस्नुपर्ने हुन सक्छ । अरू मानिसहरूको वरिपरि मास्क लगाउने र कति समयसम्म घरमै बस्ने भन्ने बारेमा थप जानकारीका लागि MDH को निकट सम्पर्कमा आउने व्यक्ति र क्वारेन्टाइन वेबपेज हेर्नुहोस् । (https://www.health.state.mn.us/diseases/coronavirus/close.html)

यदि तपाईंलाई बिसञ्चो हुन थाल्यो भने, तुरुन्तै परीक्षण गराउनुहोस् ।

तपाईंले अरू कहिले-कहिले परीक्षण गराउनुपर्ने र कहाँ परीक्षण गराउने भन्ने बारे थप जानकारीका लागि, MDH को कोभिड-19 परीक्षण वेबपेजमा जानुहोस् । (https://www.health.state.mn.us/diseases/coronavirus/testsites/index.html)

[[उत्साहजनक सङ्गीत]

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

2/2/22 (Nepali)

यो जानकारी भिन्न ढाँचामा प्राप्त गर्न, यस नम्बरमा कल गर्नुहोस्: 651-201-4989